आज मिति २०८१।०९।१६ गते छत्रकोट गाउँपालिकाको गाउँसभाको १९औं अधिवेसनको पहिलो बैठक यस गाउँपालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा निम्नानुसारका निर्णयहरु गरियो।

<u>उपस्थिती</u>

| क्र.स | नामथर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | राम प्रसाद पाण्डेय | अध्यक्ष | | |
| २ | सावित्रा ज्ञवाली | उपाध्यक्ष | | |
| ३ | घनश्याम न्यौपाने | गाउँसभा सदस्य | | |
| ४ | नरेन्द्र बहादुर पल्ली | गाउँसभा सदस्य | | |
| ५ | तेजकान्त अर्याल | गाउँसभा सदस्य | | |
| ६ | गुणाकर ज्ञवाली | गाउँसभा सदस्य | | |
| ७ | राम प्रसाद कंडेल | गाउँसभा सदस्य | | |
| ८ | नारायण रेश्मी | गाउँसभा सदस्य | | |
| ९ | देवकी पन्त | गाउँसभा सदस्य | | |
| १० | भगवती न्यौपाने | गाउँसभा सदस्य | | |
| ११ | कमला ज्ञवाली | गाउँसभा सदस्य | | |
| १२ | सावित्रा वि.क. | गाउँसभा सदस्य | | |
| १३ | चन्द्र बहादुर सार्की | गाउँसभा सदस्य | | |
| १४ | राम बहादुर वि.क. | गाउँसभा सदस्य | | |
| १५ | गीता भण्डारी | गाउँसभा सदस्य | | |
| १६ | प्रियंका सुनार | गाउँसभा सदस्य | | |
| १७ | जीवन भण्डारी | गाउँसभा सदस्य | | |
| १८ | सपना पचभैया | गाउँसभा सदस्य | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १९ | अन्जना परियार | गाउँसभा सदस्य | | |
| २० | भविलाल पौडयाल | गाउँसभा सदस्य | | |
| २१ | शेर बहादुर राकसकोटी | गाउँसभा सदस्य | | |
| २२ | पुष्पा सार्की | गाउँसभा सदस्य | | |
| २३ | पिताम्बर अर्याल | गाउँसभा सदस्य | | |
| २४ | शेर बहादुर बलाल | गाउँसभा सदस्य | | |
| २५ | केशवराज कंडेल | गाउँसभा सदस्य | | |
| २६ | थानेश्वर पन्थ | गाउँसभा सदस्य | | |
| २७ | गंगा बलाल घर्ती मगर | गाउँसभा सदस्य | | |
| २८ | उर्मिला नेपाली आचार्य | गाउँसभा सदस्य | | |
| २९ | किम बहादु कुमाल | गाउँसभा सदस्य | | |
| ३० | विर बहादुर सोमै | गाउँसभा सदस्य | | |
| ३१ | संगिता नेपाली | गाउँसभा सदस्य | | |
| ३२ | धर्मराज ढकाल | गाउँसभा सदस्य | | |
| ३३ | मिलन पछाई | गाउँसभा सदस्य | | |
| ३४ | रुद्रहरि पुरी | गाउँसभा सचिव | | |
| | | अतिथि | | |
| १ | महेश्वर भण्डारी | जि.स.स सदस्य | | |
| | | कर्मचारीको उपस्थिति | | |
| १ | श्याम सुन्दर पोखेल | सि.अ.हे.व.अधिकृत छैठौं | | |
| २ | हरि टण्डन | अधिकृत छैठौं | | |
| ३ | सन्तोष जि.सी. | लेखा अधिकृत | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | टिकाराम आचार्य | शिक्षा अधिकृत | | |
| ५ | ई.पुस्कर खनाल | ईन्जिनियर | | |
| ६ | शोभा श्रेष्ठ | रोजगार संयोजक | | |
| ७ | प्रदिप पन्थ | कृषि अधिकृत | | |
| ८ | भानुभक्त भण्डारी | सूचना प्रविधि अधिकृत | | |
| ९ | हुमनाथ पन्थ | सहायकस्तर पाँचौ | | |
| १० | सीता कुमारी थापा बुढाथोकी | सहायकस्तर पाँचौ | | |
| ११ | टेक बहादुर खनाल | सहायकस्तर पाँचौ | | |
| १२ | खुमानन्द पौडेल | आन्तरिक लेखा परीक्षक | | |
| १३ | सपना टण्डन | सि.अ.हे.ब. पाँचौ | | |
| १४ | श्रीधर अर्जेल | एम् आई एस् अपरेटर | | |
| १५ | विनोद न्यौपाने शर्मा | प्रा.स. | | |
| १६ | कपिल घिमिरे | सब-इन्जिनियर | | |
| १७ | मुना राना सर्तुङ्गे | स्टाफ नर्स | | |
| १८ | मदन भण्डारी | सब-ईन्जिनियर | | |
| १९ | यम बहादुर सिंजाली | रोजगार सहायक | | |
| २० | आशिष पन्थी | नापी सर्वेक्षक | | |
| २१ | कृष्ण प्रसाद भट्टराई | सहायकस्तर पाँचौ | | |
| २२ | कमल लम्साल | सहायकस्तर पाँचौ | | |
| २३ | सम्झना न्यौपाने | स.इन्जिनियर | | |
| २४ | सुर्य देव साह | स.इन्जिनियर | | |

Scanned with CamScanner

मिति २०८१।०९।१६ को छत्रकोट गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको प्रथम वैठकको निर्णय

**कार्यसूची तथा निर्णय**

| मिति | वैठक वस्ने समय | कार्य सुची | कार्यसुची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०९।१६ | दिनको २ बजे | सभा प्रवेश सगै राष्ट्रिय गानको धुन | | |
| २०८१।०९।१६ | दिनको २:०५ बजे | गाउँपालिकावाट चालु आ.वमा हालसम्म भएका मुख्यमुख्य कार्यहरुको सम्बन्धमा सभालाई सूचित गर्ने सम्बन्धमा। | सभा अध्यक्ष ज्यूको अनुमतीमा गाउँपालिका प्रवक्ता श्री गुणाकर ज्ञवाली ज्यू ,वाट पेश गर्नुहुने । | |
| २०८१।०९।१६ | दिनको २:१५ बजे | न्यायिक समितिको चालु आ.वको प्रगति प्रतिवेदन पेश गर्ने सम्वन्धमा। | सभा अध्यक्ष ज्यूको अनुमतीमा न्यायिक समिति सदस्य श्री नारायण रेश्मी ज्यू वाट पेश गर्नुहुने । | |
| २०८१।०९।१६ | दिनको २:३० बजे | छत्रकोट गाउँपालिकाको आ.व २०८०।८१ र चालु आ.व मा हाल सम्म भएका व्ययको विवरण पेश गर्ने सम्वन्धमा | सभा अध्यक्ष ज्यूको अनुमतीमा आर्थिक विकास समितिको संयोजक श्री तेजकान्त अर्याल ज्यूवाट पेश गर्नुहुने । | |
| २०८१।०९।१६ | दिनको २:४० बजे | छत्रकोट गाउँपालिकाको आ.व.२०८०।८१ को महालेखा परिक्षकको कार्यालयको कार्यालयवाट प्रारम्भिक लेखा परिक्षण प्रतिवेदन छलफलको लागि पेश गर्ने सम्वन्धमा | सभा अध्यक्ष ज्यू को अनुमतिमा लेखा समितिका संयोजक श्री सेर बहादुर राकसकोटी ज्यू वाट पेश गर्नुहुने। | |
| २०८१।०९।१६ | दिउसो ३.०० बजे | शुन्य समय | सभा सदस्य ज्युहरूवाट | |
| २०८१।०९।१६ | दिउसो ३.३० बजे | अध्यक्ष ज्यूवाट १९ औं अधिवेशनको दोस्रो बैठकको आह्वान गरि पहिलो बैठक समापन भएको घोषणा । | सभा अध्यक्ष ज्युवाट | |

Scanned with CamScanner

मिति २०८१।०९।१६ को छत्रकोट गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको प्रथम वैठकको निर्णय

**निर्णय नं १**

कार्यसूची अनुसार गाउँपालिकावाट चालु आ.व २०८१।८२ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत मिति २०८१।०९।१५ गते सम्म सम्पादन भएका मुख्यमुख्य कार्यहरुको सम्बन्धमा सभा सदस्य/प्रवक्ता श्री गुणाकर ज्ञवाली ज्यूवाट प्रस्तुत तपसिल बमोजिमको प्रतिवेदन सभालाई जानकारी भयो।

**कार्यसूची नं.२**

यस गरिमामय सभाका सम्माननीय सभाध्यक्ष ज्यू,
यस सभाका सदस्य ज्यूहरु,

सभाध्यक्ष ज्यू,को अनुमतीमा छत्रकोट गाउँपालिकाको आर्थिक बर्ष २०८१।८२ को मिति २०८१।०९।१५ गते सम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरु यस १९ औं अधिवेशनको गरिमामय सभा समक्ष जानकारी गराउँदछु।

**पुर्वाधार विकास निर्माण तर्फ**

लुम्छा-धरमपानी-दिगाम-सातमुरे सडक. अन्तर्गत घडेरीटोला-गाउँटोला खण्डमा ८०० मिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न गरिएको छ। बिरबास-कोलधारी-बर्जिया-सिस्ने-चन्द्रकोट मो.बा. अन्तर्गत पल्लिकोट खण्डमा ८०५ मिटर कालोपत्रे गर्ने कार्य सम्पन्न गरिएको छ।

लुम्छा-धरमपानी-दिगाम-सातमुरे सडक अन्तर्गत लुम्छा देखी चौपारी खण्डमा (१७०० मिटर) कालोपत्रे गर्ने कार्यका लागि ठेक्का आह्वान भई सागर निर्माण सेवा संग सम्झौता गरि तिव्र गतिमा कार्य अगाडी बढेको छ। बिरबास-कोलधारी-वर्जिया-सिस्ने-चन्द्रकोट मो.बा. अन्तर्गत पल्लिकोट खण्डमा ९२५ मिटर कालोपत्रे गर्ने कार्यका लागि ठेक्का आह्वान भई नवउत्कृष्ट-बिटेन जे.भी.संग सम्झौता भई निर्माण कार्य भईरहेको छ। पिपलनेटा-दिगाम-धरमपानी-मानकोट-गैरीखुट्टा दौघा सडक अन्तर्गत हर्दिनेटा खण्डमा ७६० मिटर कालोपत्रे हुने गरी ठेक्का आह्वान भई सानुसेती देवी कन्ट्रक्सन सँग सम्झौता निर्माण कार्य भईरहेको छ।

**सम्माननिय सभाध्यक्ष ज्यू,**

गुड्टुङ-झेर्दी-सिस्ने सडक स्तरोन्नती हुने गरि ठेक्का आह्वान भई लायन कन्ट्रक्सन एण्ड सप्लायर्स सँग सम्झौता गरी निर्माण कार्य भईरहेको छ। बहुवर्षिय ठेक्का आह्वान भई निर्माणाधिन रहेको छत्रकोट गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य प्रगति करिव ५९ प्रतिशत रहेको छ। बहुवर्षिय ठेक्का आह्वान भई निर्माणाधिन रहेको खर्ज्याङ्ग स्वास्थ्य चौकी भवनको निर्माण कार्य प्रगति करिव ६० प्रतिशत रहेको छ।

बहुवर्षिय ठेक्का अन्तर्गतको छत्रकोट गाउँपालिकाको गौरवको आयोजना छत्रकोट जिपलाईन निर्माण योजना सम्पन्न पश्चात गुल्मि जिल्ला समन्वय समितिका प्रमुख उपप्रमुख,गुल्मी जिल्ला र छिमेकी जिल्लाका पालिका प्रमुख/उपप्रमुख,अध्यक्ष/उपाध्यक्ष ज्यूहरुलाई निमन्त्रणा गरि भव्य रुपमा संयुक्त उद्घाटन गरि हाल गाउँपालिकावाट संचालन गरिएको छ। हाल सम्म ११९ जनाले जिपलाईन सेवा लिएका छन्। साथै ठेक्का व्यवस्थापन मार्फत् संचालन गर्ने गरि कार्य अगाडी वढाईएको छ। आ.व.२०८१।८२ मा विनियोजित योजनाहरु मध्ये हालसम्म उपभोक्ता समिति मार्फत् ७७ वटा योजना सम्झौता भएकोमा ७ वटा भुक्तानी तथा फरफारक समेत भएका छन्।

**सम्माननिय सभाध्यक्ष ज्यू,**

**शिक्षा तर्फ** अध्यक्ष कप खेलकुद प्रतियोगित संचालन गरि सम्पन्न गरिएको छ। सम्पूर्ण माध्यमिक विद्यालयहरुमा मा.वि. तहकै प्रधानाध्यापक नियुक्तिको प्रक्रिया सम्पन्न भएको छ। ४२ जना बालविकास

शिक्षकहरुको लागि क्षमता विकास तालिम संचालन सम्पन्न भएको छ। विद्यालय कार्यालय सहयोगी समायोजन कार्य सम्पन्न गरि सम्पूर्ण माध्यमिक विद्यालयमा २/२ जना कार्यालय सहयोगी व्यवस्था गरिएको छ।

स्वास्थ्य तर्फ हर्दिनेटा स्वास्थ्य चौकी र नागरिक आरोग्य केन्द्र भवन उद्घाटन गरिएको जसवाट सेवा सुभारम्भ पनि भएको छ। छत्रकोट गाउँपालिका वडा नं १,हुँगा र छत्रकोट गाउँपालिका वडा नं २ पल्लिकोटमा ४० बर्ष भन्दा माथिका ८ सय जना नागरिकहरुमा सुगर,प्रेसर र मृगौला सम्वन्धी रोगको स्किनीङ सिविर सम्पन्न गरिएको छ। उक्त शिविरमा अत्यावश्यक औषधी र परामर्श समेत उपलब्ध गराईएको थियो। स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधी ठेक्का प्रक्रिया द्वारा खरिद गरि नियमित आपूर्ति गरिएको छ। यस आ.व.मा पनि रक्तसंचार केन्द्र,बुटवल संग निशुल्क रगत उपलब्ध गराउने सम्वन्धमा सम्झौता गरि हाल सम्म २८ जनाले ५६ युनिट निःशुल्क रगत प्राप्त गरेका गरेका छन्। यस आ.व.मा पनि आँखा अस्पत्ताल तम्घास सँग निशुल्क मोतियाविन्दु अपरेसन गराउने सम्बन्धमा सम्झौता गरि हाल सम्म १३ जनाको निःशुल्क मोतिया विन्दु अपरेसन भएको।

कृषि र पशु विकास तर्फ उत्पादनमा आधारित अनुदान कार्यक्रम सुरुवात गरिएको छ.। फापर र गहुँको विउ वितरण गरिएको छ। कृषि सफ्टवेयर खरिद गरि संचालनमा ल्याईएको छ। विद्यालयमा रेविज रोगको बारेमा सचेतना कार्यक्रम संचालन गरिएको छ। साथै रेविज रोग विरुद्ध छत्रकोट ५ खर्ज्याङ्गमा कुकुरहरुलाई भ्याक्सिनेसन गर्ने कार्य गरिएको छ।

सम्माननिय सभाध्यक्ष ज्यू,

महिला विकास तर्फ खुल्ला तिज गित प्रतियोगिता कार्यक्रम संन्चालन गरिएको छ। साथै योजना सम्झौता,अपाङ्गता परिचय पत्र र जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यक्रम,व्यवसाय दर्ता तथा नविकरण जस्ता कार्यक्रम सहित एकिकृति घुम्ति शिविर संचालन गरिएको छ। साथै अन्य मुख्यकार्यहरु अन्तर्गत हाल सम्म कार्यपालिका वैठक १२ वटा बैठक सम्पन्न गरिएको छ। सूचना प्रविधि अधिकृतको पदपूर्ति गरिएको छ। प्रयोगमा नआएको लत्ता कपडा पुन प्रयोग आवश्यक पर्ने सबैका लागि भन्ने मुल मन्त्रका साथ छत्रकोट गाउँपालिकाको भेंडुवा बजारमा कपडा बैंक स्थापना गरि संचालनमा ल्याईएको छ। बजार अनुगमन कार्यलाई निरन्तरता दिँदै ३९ वटा पसलको अनुगमन गरि १६ वटा पसलवाट म्याद गुज्रिएका सामाग्रीहरु जफत गरि नस्ट गरिएको छ। छत्रकोट गाउँ कार्यपालिकाको मिति २०८१।०५।१ गतेको निर्णयानुसार छत्रकोट गाउँपालिका भित्र सार्वजनिक निकायका कार्यक्रमहरुमा खादा प्रयोग निषेध गरि कार्यान्वयन गरिएको छ। छत्रकोट गाउँपालिका भित्र कला संस्कृतिको संरक्षण र प्रवर्धनको लागि छत्रकोट गाउँपालिका स्तरीय भजन कृतन संरक्षण तथा प्रवर्द्धन समिति गठन गरिएको छ। साथै छत्रकोट गाउँपालिका भित्र रहेका क्रिकेट खेलाडी उत्पादनको दिर्घकालिन लक्ष्य राखेर छत्रकोट क्रिकेट विकास समितिको गठन गरिएको छ।

पेश गर्ने

गुणाकर ज्ञवाली

गाउँ पालिका प्रवक्ता/सभा सदस्य

Scanned with CamScanner

कार्यसूची नं ३

यस गरिमामय सभाका सम्माननीय सभाध्यक्ष ज्यू ,

यस सभाका सदस्य ज्यूहरु

सभाध्यक्ष ज्युको अनुमतिमा छत्रकोट गाउँपालिका अन्तर्गत न्यायिक समितिले आ.व २०८१/०८२को मिति २०८१।०४।०१गते देखि मिति २०८१।०९।१६ सम्म भए गरेका कामको प्रतिवेदन

## परिचय

नेपालको प्रादेशिक संरचना लुम्विनी प्रदेश अन्तर्गत गुल्मी जिल्लाको प्रतिनिधी सभा क्षेत्र नं. १ अन्तर्गत प्रदेश सभा क्षेत्र नं. २ को तानसेन रिडी तम्घास मोटरबाटोको दाँया बाँया फैलिएको रुरु रेसुङ्गा ऋष्यश्रृङ्ग तपोभूमीको बिच भागमा पर्ने छत्रकोट देवालय मन्दिरको काखमा अवस्थित पुर्वमा रुरु गाउँपालिकाको श्रृङ्गेश्वर गुफा पश्चिममा गुल्मी दरबार गाउँपालिकाको ठूला पँधेरा विरवास घुम्टी सम्म र दक्षिणमा दौंघा गढी देखि उत्तरमा हुँगा कछौटी सिद्धबाबा मन्दिर हुँदै बडीघाट खोला सम्म फैलिएको छत्रकोट गाउँपालिका वडा नं. ३, चोयगामा गाउँ कार्यपालिका कार्यालयको भवनमा न्यायिक समितिको कार्यकक्ष रहेको छ ।

नेपालको संविधानको धारा २१७ ले दिएको व्यवस्था अनुसार यस छत्रकोट गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको ३ सदस्यीय न्यायिक समिति गठन गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ मा व्यवस्था भए बमोजिम विवाद निरुपण तथा मेलमिलाप गर्ने अधिकार क्षेत्रभित्र रही स्वतन्त्र, निष्पक्ष, कर्तव्यनिष्ठ र स्वाभिमानका साथ आफ्नो योग्यता क्षमताको अधिकतम प्रयोग गरी न्यायिक क्षेत्रको कार्य सम्पादन गरिरहेको व्यहोरा सभामा जानकारी गराउन चाहान्छु ।

## तपसिल

१. न्यायिक समिति संयोजक श्री सावित्रा ज्ञवाली

२. न्यायिक समिति सदस्य श्री नारायण रेस्मी

Scanned with CamScanner

३. न्यायिक समिति सदस्य श्री उर्मिला आचार्य नेपाली

४. न्यायिक समिति उजुरी प्रशासक श्री शोभा श्रेष्ठ

५. **उद्देश्य**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४७ मा व्यवस्था गरिएको अधिकार क्षेत्रभित्र रही स्वतन्त्र, निष्पक्ष, कर्तव्यनिष्ठ र स्वाभिमानका साथ छिटो छरितो न्याय सम्पादन गर्ने ।

**लक्ष्य**

१. समयको सही सदुपयोग गरी यथा समयमा मुद्दाको किनारा लगाउने ।
२. गाउँठाउँमा हुने विभिन्न विवादहरुलाई मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्ने ।
३. गाउँपालिकामा गाउँपालिका स्तरीय र प्रत्येक वडामा वडा स्तरीय मेलमिलाप केन्द्र स्थापना गरी टोल छिमेकका मुद्दालाई वडास्तरमा नै मेलमिलापको माध्यमबाट विवादको टुंगो लगाउने ।
४. गाउँपालिकाको न्यायिक समितिमा आएका निवेदनहरु, मेलमिलाप गरिएका मिलापत्र जस्ता महत्वूर्ण अभिलेखहरुलाई व्यवस्थित रुपमा अभिलेखिकरण गरी राख्ने ।
५. गाउँगाउँमा जनचेतना अभिवृद्धि गरी गाउँपालिकाको न्यायिक समितिमा आउने मुद्दाहरुको संख्या कम गर्दै लैजाने ।

**आ.व. २०८१/०८२ को न्यायिक समितिले मिति २०८१।०९।१६गते सम्म गरेका महत्त्वपूर्ण कार्यहरु**

| क्र स | दर्ता मिति | दर्ता | ठेगाना | मुद्दाको प्रकृति | फैसाला |
|---|---|---|---|---|---|
| १ | २०८०।१०।२८ | १३/१ | छत्रकोट गा पा वडा नं ४ श्रृङ्गा गुल्मी | छानविन गरिपाउ | स्थलगत अनुगमनको क्रममा रहेको। |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २०८१।०२।०७ | १६/२ | छत्रकोट गा. पा वडा नं ३ काउले गुल्मी | छलफल गरिपाऊ। | मिति २०८१।०४।२२ गते वादि र प्रतिवादी बिच छलफल गर्दा दुवै पक्षविच लेनदेन विषयमा सहमतिमा न्यायिक समिति मार्फत मिलापत्र गरिएको । |
| ३ | २०८१।०२।१४ | १७/३ | छत्रकोट गा पा वडा नं ५ अर्जङ्गवास गुल्मी। | अंश साथै लेनदेन सम्बनधमा । | २०८१।०४।०२गते वादि प्रतिवादि विच छलफल गर्न खोज्दा प्रतिवादि एक जना उपस्थिति नभएको र पटक पटक सम्पर्कमा ल्याउन खोजदा सम्पर्कमा नआएको र रजिष्टर पत्र समेत नबुझेकोले वादी लाई आफ्नो समस्यालाई अगाडि बढनको लागि सल्लाहा दिईएको । |
| ४ | २०८१।०४।१३ | ४ | छत्रकोट गा पा वडा नं २ भेडुवा गुल्मी। | न्याय पाऊ सम्बन्धमा । | २०८१।०४।३१मा दुवै पक्षविच छलफल गर्दा वादि –प्रतिवादि सहमतिमा ल्याई न्यायिक समिति मार्फत मिलापत्र गरिएको। |
| ५ | २०८१।०४।२८ | ५ | छत्रकोट गा पा वडा नं ३ वार्खक गुल्मी। | न्याय पाउँ सम्बन्धमा । | मिति २०८१साल भाद्र १६ गतेका दिन दुबै वादि –प्रतिवादि बिच छलफल गर्दा दुवै पक्ष सहमति भएकोले न्यायिक समिति मार्फत मेलमिलाप भएको निर्णय गरियो । |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | २०८१।०६।०७ | ६ | छत्रकोट गा पा वडा नं ५ केहुल गुल्मी | वालवालिकाको लालनपालन र खर्च सम्बन्धमा । | २०८१।०७।०५गते वादी प्रतिवादी बिच छलफल गर्दा दुबै पक्ष सहमति भएकोले न्यायिक समिति मार्फत मिलापत्र गरएको। |
| ७ | २०८१।०६।२१ | ७/८ | छत्रकोट गा पा वडा नं ४ दिगाम गुल्मी। | रकम निकासा सहजिकरण सम्बन्धमा । | २०८१।०७।०८गते का दिन तिन वटा निवेदन प्रतिवादी एउटै भएकोले वादी प्रतिवादी विच छलफल गर्दा दुई जना वादीले हामि मिलिसकेको भनि भनेको र एक जना वादीले हाम्रो हिसाव हुदैछ पछि जानाकारी गराउछु भनि भनेको र हाल सम्म पनि कुनै खबर नआएको । |
| ८ | २०८१।०७।२३ | ९ | छत्रकोट गा.पा. वडा नं ५ वरडाँडा गुल्मी । | औषधि उपचारको वापतको रकम सम्ब्रन्धमा। | मिति २०८१।०९।०८ गते दुबै पक्ष विच छलफल गर्दा लेनदेनको विषय भएको र दुबै पक्ष सहकति भएकोले न्यायिक समितिले मेलमिलाप भएको निर्णय गरियो । |
| ९ | २०८१।०८।०४ | १० | छत्रकोट गा पा वडा नं ३ बासखर्क गुल्मी। | मोटर बाटो खुलाई पाऊ । | २०८१।०८।०५ गतेका दिन स्थलगत मै पुगि दुबै पक्षलाई राखि छलफल गराई सहमतिमा मोटर बाटो खुलाई यस न्यायिक समितिले मेलमिलाप भएको निर्णय गरियो । |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १० | २०८१।०८।०५ | ११ | छत्रकोट गा पा वडा नं ३ लुम्छा गुल्मी। | आवश्यक सहजिकरण गरिदिनुहुन। | मिति२०८१।०८।१३दुवै पक्ष बिपक्ष बिच छलफल गर्दा वादी पक्षबाटै सम्बन्धित व्याक्तिलाई बोलाई छलफल गर्नु पर्ने भनि भनेकोले हेदाहेदैमा रहेको । |
| ११ | २०८१।०८।०५ | १२ | छत्रकोट गा पा वडा नं ५ वरडाँडा गुल्मी । | वातावरण प्रदुषण साथै जग्गाको साध सम्बन्धमा। | मिति२०८१।०९।०७ गतेका दिन दुवै पक्ष विच छलफल गर्दा जग्गाको साध बारेमिति२०८१।०९।०९ गते अमिन ल्याई नापजाच गर्ने भनि निर्णय भएको र स्थलगत गई नापजाचँ गर्दा पनि दुबै पक्ष सहमतिमा नआएकोले पून नापि कार्यलयमा निवेदन दिई टिमनै बोलाई नापजांच गर्ने भएकोले यो निवेदन हेदाहेदैमा । |

आ. व. २०८१/०८२ मा यस छत्रकोट गाँउपालिका गाउँकार्यपालिकाको कार्यलयमा न्यायिक समिति समक्ष पौष १६गते सम्म १२ वटा मुद्दा परेको र उक्त १२ वटा मुद्दा मध्ये ८ वटा मुद्दा मेलमिलापद्वारा मिलापत्र भएको ।२ वटा मुद्दा तामेलिमा रहेको २ बटा मुद्दा हेदाहेर्दैमा रहेको छ । यस छत्रकोट गाउँपालिकाका प्रत्येक वडामा रहनु भएका मेलमिलापकर्ताहरुलाई कार्यपालिकाको निर्णय अनुसार

Scanned with CamScanner

निवेदन लाई सम्पर्कमा ल्याउने प्रयास गरिएको र छलफल कार्य लाई निरन्तरता दिने कार्य समेत रहने छ ।

...............

न्यायिक समिति सदस्य

नारायण रेश्मी

छत्रकोट गाउँपालिका

Scanned with CamScanner

कार्यसुची नं.-४

यस छत्रकोट गाउँपालिकाका सभा अध्यक्ष ज्यु ।

यस छत्रकोट गाउँपालिका गाउँसभा १९ औ अधिवेशनमा सभा अध्यक्ष ज्युको अनुमतीमा आर्थिक वर्ष २०८०/८१ र आर्थिक वर्ष २०८१/८२ को हाल सम्मको वार्षिक बजेट तथा व्ययको विवरण यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

आर्थिक वर्ष २०८०/८१ :

रु.

| खर्च शिर्षक | वार्षिक बजेट | व्यय | खर्च प्रतिशत |
|---|---|---|---|
| चालुगत | ३४,८०,९१,७०६ | ३१,०५,१२,५३१.२७ | ८९.२ |
| पूँजिगत | २०,७४,१२,९६५ | १८,४५,२०,७९९ | ८८.९६ |
| कुल जम्मा | ५५,५५,०४,६७१ | ४९,५०,३३,३३०.२७ | ८९.११ |

आर्थिक वर्ष २०८१/८२ को हाल सम्म :

रु.

| खर्च शिर्षक | वार्षिक बजेट | व्यय | खर्च प्रतिशत |
|---|---|---|---|
| चालुगत | ३६,४९,२७,५२७ | ९,१७,२१,९०५.०८ | २५.१३ |
| पूँजिगत | १८,८७,६०,००० | ४,१५,२०,६७६ | २२ |
| कुल जम्मा | ५५,३६,८७,५२७ | १३,३२,४२,५८१.०८ | २४.०६ |

पेश गरिएको
सभा सचिवालय मार्फत सभा अध्यक्ष संग
मितिः २०८१/०९/१६

पेश गर्ने
आर्थिक विकास समिति संयोजक
श्री तेजकान्त अर्याल

Scanned with CamScanner

कार्यसुची नं.-५

यस छत्रकोट गाउँपालिकाका सभा अध्यक्ष ज्यु ।

यस छत्रकोट गाउँपालिका गाउँसभा १९ औ अधिवेशनमा सभा अध्यक्ष ज्युको अनुमतीमा महालेखा परिक्षकको कार्यालयबाट प्रारम्भिक प्रतिवेदनमा औल्याएका वेरुजुको प्रतिवेदनलाई यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

वेरुजुको संक्षिप्त वर्गिकरणः

| असूल गर्नेपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ० | ४६,३७,४०९ (छ्यालिस लाख सैतिस हजार चार सय नौ मात्र, | १,००,५६,१२१ (एक करोड छेपन्न हजार एक सय एकाईस मात्र) | ० | ० | ० |
| | | | | कुल जम्मा वेरुजु | १,४६,९३,५३० (एक करोड छ्यालिस लाख त्रिनब्बे हजार पाच सय तिस मात्र) |

पेश गरिएको
सभा सचिवालय मार्फत सभा अध्यक्ष संग
मितिः २०८१/०९/१६

पेश गर्ने
लेखा समिति संयोजक
श्री शेर बहादुर राकशकोटी

Scanned with CamScanner

मिति २०८१।०९।१६ को छत्रकोट गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको प्रथम वैठकको निर्णय

**निर्णय नं ५**

छत्रकोट गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको दोस्रो वैठक यहि मिति २०८१।०९।२८ गते दिनको ११ बजे देखी शुरू हुने गरी प्रथम वैठक समापन भयो।

Scanned with CamScanner